गोरखापत्र
अर्थ
१५
२०६६ साल भदौ १७ गते बुधबार ■ Wednesday, September 2, 2009

# नेपाल-बेलायत व्यापार प्रवर्द्धनका लागि पहल

काठमाडौं, भदौ १६ गते। युरोपियन आर्थिक, व्यापार, वाणिज्य तथा उद्योग सङ्घ नेपाल (ईईसी-नेपाल) र लन्डन चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्रिजबीच दुई देशका व्यापार, व्यवसायको प्रवर्द्धनका लागि साझेदारी गर्ने विषयमा सहमति भएको छ। बेलायत र नेपालको व्यापारिक सम्बन्धलाई अझ प्रगाढ बनाउँदै दुई देशबीचको उद्योग व्यवसायको विकासका लागि संयुक्तरूपमा लगानी गर्ने, प्रविधिको हस्तान्तरण गर्ने लगायतका कुरामा सहमति भएको ईईसी नेपालले जनाएको छ।

सहमति पत्रमा ईईसी नेपालका तर्फबाट दिव्यमणि बज्राचार्य र लन्डन चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्रिजका तर्फबाट प्रमुख कार्यकारी अधिकृत पिटर विसपले हस्ताक्षर गर्नुभयो। गोपस